
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २७९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ कार्तिक २१ गते सोमबार ❑ 7 Nov. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## अरुलाई गालीगलौज नगरी मत माग्न प्रमुख आयुक्तको आग्रह

**रासस**
**काठमाडौं, २० कार्तिक**

निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेशकुमार थपलियाले अरुलाई गालीगलौज वा अरुको चरित्र हत्या नगरी आफ्ना राम्रा कुरा गरेर निर्वाचन प्रचारप्रसार गर्न दलका नेता र उम्मेदवारलाई पुनः आग्रह गर्नुभएको छ ।

आसन्न निर्वाचनका सन्दर्भमा टंकप्रसाद आचार्य स्मृति प्रतिष्ठान र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले आइतबार काठमाडौँमा आयोजना



गरेको नागरिक संवादमा उहाँले भन्नुभयो, 'मैले त भन्दै आएको छु । १५ मिनेट आफू गतिलो छु भन्न १३ मिनेट अरुलाई गाली गर्ने र चरित्र हत्या गर्ने साहित्य कहाँ पढेर आउनुभयो नेताज्यू ?'

उहाँले मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिबाट बचेर मत माग्ने र मत दिने वातावरण सिर्जना गर्न पनि आग्रह गर्नुभयो । कार्यक्रममा पूर्वप्रमुख निर्वाचन आयुक्त डा भोजराज पोखरेल, पूर्वनिर्वाचन आयुक्त दोलखबहादुर गुरुङ, संविधानविद् नीलाम्बर आचार्य, वरिष्ठ पत्रकार युवराज घिमिरेलगायतसँग निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहितरुपमा सम्पन्न गराउने सन्दर्भमा नागरिक संवाद गरिएको थियो ।

## दिवङ्गत खेलाडीको शालिक निर्माणमा सरकारले सहजीकरण गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, २० कार्तिक**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपालीले नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा ज्यान गुमाउने खेलाडी निस्सिम थापाको अर्धकदको शालिक बनाउन सहजीकरण गर्ने बताउनुभएको छ ।

थापाको परिवारले बुझाएको ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री नेपालीले खेलाडीका परिवारलाई क्षतिपूर्ति दिलाउन र अर्धकदको शालिक निर्माणका लागि प्रदेश सरकारले सहजीकरण गर्ने बताउनुभयो । गत असोज ३० गते प्याराग्लाइडिङ खेलका क्रममा थापाको मृत्यु भएको थियो । उहाँ त्रिभुवन आर्मी क्लबका तर्फबाट प्रतियोगितामा सहभागी हुनुहुन्थ्यो । उहाँको मृत्युपछि आयोजक संस्थाले दिवङ्गत थापालाई मानार्थ गोल्डमेडल प्रदान गरेको थियो । साथै उहाँको सम्मानमा पोखरा रङ्गशालामा अर्धकदको शालिक निर्माण गर्ने घोषणासमेत गरेको थियो । थापाको परिवारले नाममा निस्सिमका नाममा अक्षयकोष स्थापना गरी प्याराग्लाइडिङ खेलमा दुर्घटनामा पर्ने खेलाडीलाई आर्थिक सहयोग गर्नुपर्ने माग गरेको छ । साथै सबै खेलाडीको जीवन बीमा गर्नुपर्नेसमेत परिवारको माग छ । दिवङ्गत खेलाडी निस्सिमका बुबा प्रकाश थापाले लागि राष्ट्रिय खेलकुद परिषद् र नेपाल एअर स्पोर्टस् एशोसिएशन र नेपाल सरकारका तर्फबाट प्राप्त हुनुपर्ने बीमाबापतको रकम प्रदान गरिदिन आग्रह गर्नुभएको छ ।

## संवेदनशील मतदानस्थल तथा केन्द्रको अनुगमन

**पोखरापत्र संवाददाता**
**पोखरा, २० कार्तिक**

मंसिर ४ गते हुने प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचनका लागि कास्की जिल्लाका संवेदनशील मतदानस्थल तथा केन्द्रको जिल्ला सुरक्षा समितिले अनुगमन गरेको छ ।

समितिले आइतबार मादी गाउँपालिकाअन्तर्गत वडा नं ३ ताङतिङस्थित वडा कार्यलयको नयाँ भवन, वडा नं ४ याङजाकोटस्थित सीताराम माध्यमिक विद्यालय, वडा नं २ ताङतिङस्थित हिमालय मिलन मावि सहितका तीन ठाँउमा मतदानस्थलको अनुगमन गरेको हो । टोलीले मादी गाउँपालिकाका अध्यक्ष देवीजङ्ग गुरूङसँग यस क्षेत्रको अवस्था लगायतमा जानकारी लिएको थियो । अनुगमनमा कास्कीका प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसीको नेतृत्वमा कास्कीका सुरक्षा निकायका प्रमुखहरू, भगवती दल गुल्मका गणपति प्रमुख सेनानी सञ्जयकुमार खत्री, जिल्ला प्रहरी कार्यालय कास्की प्रमुख प्रहरी उपरीक्षक अजय केसी, सशस्त्र प्रहरी उपरीक्षक विजय केसी, उपअनुसन्धान निर्देशक मनोज ढकाल तथा जनप्रतिनिधि पत्रकार लगायतको उपस्थिति थियो । जिल्लाका अधिकांश मतदानस्थलको अनुगमन सकिएको प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसीले जानकारी दिनुभयो । तीन वटा निर्वाचन क्षेत्र रहेको कास्कीमा एक सय ५० मतदानस्थल र तीन सय ४४ मतदान केन्द्र रहेका छन् । मतदान केन्द्रको व्यवस्थापन तथा सहज मतदानका लागि गर्न सकिने उपायका विषयमा कास्कीस्थित सम्पूर्ण मतदान केन्द्रमा जनप्रतिनिधि तथा स्थानीय समुदायसँग सुरक्षा समितिले छलफल गरेको प्रमुख जिल्ला अधिकारी केसीले जानकारी दिनुभयो । सहायक प्रमुख जिल्ला अधिकारी अनिल शाहीका अनुसार टोलीले कास्कीका एक सय ५० मतदानस्थलका अधिकांश मतदान केन्द्रको अनुगमन सम्पन्न गरिसकेको छ ।

## चितुवाको आक्रमणबाट बर्सेनि मारिन्छन् बालबालिका

**रासस**
**दमौली, २० कार्तिक**

तनहुँमा चितुवाको आक्रमणबाट बर्सेनि बालबालिका मारिने गरेका छन् । चितुवाको त्रासले घरको आँगनमा नै खुलेर खेल्न सक्ने अवस्था छैन । व्यास नगरपालिका-१२ छिर्कनेमा चितुवाको आक्रमणबाट एक बालकको मृत्यु भयो । चितुवा आक्रमणबाट मङ्गलबार साँझ घरमै हजुरआमासँग बसिरहेका जगदीश कुँवरका छोरा अभिनभ कुँवरको मृत्यु भएको हो ।

घरमै खेलिरहेका बालकलाई चितुवाले आक्रमण गरी घिसारेर लगेको थियो । खोज्दै जाँदा घरदेखि करिब तीन सय मिटर पर बालकको शव फेला पारिएको थियो । पछिल्लो समय तनहुँमा चितुवा आतङ्क बढ्दै गएको छ । केही वर्षयता चितुवाले घरमै आएर बालबालिकामाथि आक्रमण गर्ने क्रम जारी छ । जिल्लाको शुक्लागण्डकी नगरपालिका, भानु नगरपालिका, बन्दीपुर गाउँपालिका र आँबुखैरेनी गाउँपालिकामा चितुवाको आक्रमणबाट दर्जन बढी बालबालिकाले ज्यान गुमाइसकेका छन् । यस क्षेत्रमा चितुवा आक्रमणको त्रास कायमै छ । चार पालिकामा चितुवाको त्रास रहेकामा हाल व्यास नगरपालिकामा आक्रमण हुन थालेको छ ।

चितुवाको आक्रमणबाट विसं २०७४ देखि हालसम्म १४ बालबालिकाको ज्यान गएको छ । जङ्गलमा आहाराको अभाव हुँदा चितुवा बस्ती पस्ने र बालबालिकालाई आक्रमण गर्दै आएको डिभिजन वन कार्यालय तनहुँका सूचना अधिकारी एवं सहायक वन अधिकृत काशीराज पण्डितले बताउनुभयो । तनहुँमा लामो समयदेखि चितुवाको आतङ्कबाट जिल्लावासी त्रसित रहेको उहाँले बताउनुभयो ।

यसको दीर्घकालीन समाधानका लागि चितुवाको आक्रमण हुनसक्ने घर वरपर झाडी नराख्ने, रातको समयमा बत्ती बाल्ने तथा बालबालिकालाई एक्लै छाड्नुहुँदैन । अभिभावकको साथमा बालबालिका सँगै राख्नुपर्छ । यसलाई केही न्यूनीकरण गर्न सकिन्छ," पण्डितले भन्नुभयो ।

आक्रमण हुने स्थानमा अहिले चितुवाबाट जोगिन रातभरि बत्ती बाल्ने गर्छन् । घर वरपर उज्यालो बनाइए पनि चितुवाको आक्रमण भने न्यूनीकरण हुन सकेको छैन । त्यस क्षेत्रमा चितुवाले घरमै आएर बालबालिकामाथि बारम्बार आक्रमण गर्ने क्रम उस्तै छ । बन्दीपुर गाउँपालिका-१ का वडाध्यक्ष एवं गाउँपालिकाका प्रवक्ता शिवकुमार श्रेष्ठ भन्नुहुन्छ,

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गठबन्धनको सूत्रधार मै हो : अध्यक्ष केसी

**पोखरापत्र संवाददाता**
**बागलुङ, २० कार्तिक**

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले अहिलेको पाँचदलीय गठबन्धको प्रमुख सूत्रधार आफू रहेको दाबी गर्नुभएको छ ।

बागलुङ क्षेत्र नं १ बाट प्रतिनिधिसभाको सदस्यको गठबन्धका तर्फबाट उम्मेदवारसमेत रहनुभएका नेता केसीले मङ्सिर ४ गतेको निर्वाचनमा प्रतिगमन



ढल्ने बताउनुभयो । आइतबार बागलुङ बजारमा आयोजित पत्रकार सम्मेलनमा नेता केसीले मङ्सिर ४ गतेको निर्वाचन प्रतिगमन र अग्रगमनबीच प्रतिस्पर्धा हुने बताउँदै प्रतिगमन ढलेर जाने बताउनुभयो ।

उहाँले भन्नुभयो, "मनै प्रतिगमनका विरुद्धमा लागेँ, त्यसैले गठबन्धन बनाउनै अग्रसर भएको थिएँ", नेता केसीले भन्नुभयो, "अहिलेको हाम्रो लडाइँ प्रतिगमन र अग्रगमनबीच छ, मङ्सिर ४ गते प्रतिगमनलाई ढलाइन्छ ।" उहाँले आफूले प्रतिगमनको विरुद्ध र राष्ट्रियताको पक्षमा देशलाई जोगाउने भूमिका खेलेको भन्दै आफूले सहजै ढङ्गले चुनाव जित्ने बताउनुभयो ।

नेता केसीले संसद्मा नीति बनाउन जाने भए पनि नागरिकलाई विकाससँग जोड्न आफूले सक्दो पहल गर्ने बताउनुभयो । उहाँले जनताहरू विकासको पर्खाइमा रहेको आफूले महसुस गरेको भन्दै राष्ट्रिय योजनालाई पूरा गर्न आफूले पहल गर्ने बताउनुभयो ।

## युवालाई उद्यमशील बनाइ स्वदेशमै राख्ने- बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २० कार्तिक**

कास्की क्षेत्र नं १ का प्रतिनिधि सभा सदस्य उम्मेद्बार किशोरदत्त बरालले समाज र समृद्धिको विषयमा आफू सबैको साझा भएको बताए ।

'राजनीतिक रुपमा म काँग्रेस हुँ, कास्की काँग्रेसको सभापति हुँ, उनले भने - समृद्धि र समाजको विषयमा म सबैको साझा हुँ ।'

कस्कीको रुपा गाउँपालिकाको बराथोक, मियाँ गाउँ, भीरचोक, फालभज्याङ, मोहरिया, माझकोट, चिसापानी, देउराली लगायतका स्थानमा आयोजित घरदैलो तथा कोणसभामा बोल्दै उनले त्यस्तो बताएका हुन । अघिल्लो



निर्वाचनमा बहुमत प्राप्त दल नेकपा एमालेले जनअधिकार र संविधानलाई कमजोर बनाएका कारण गठबन्धन गर्नु परेको भने । जनताको आशा विकास र समृद्धि भएपनि बहुमत प्राप्त एमालले त्यसो गर्न नसकेको उनको भनाइ छ । उम्मेदबार बरालले विद्यालयको शिक्षालाई सुधार गर्दै कृषि र पर्यटनसँग जोड्नुपर्ने, युवालाई उद्यमशील बनाइ स्वदेश भित्र नै जोगाउनुपर्नेमा जोड दिए । विकासका रुपमा बाटो, विद्युत, पुल, खानेपानीलाई मात्रै हेर्न नहुने उनको भनाइ छ । 'जनताका आवश्यकता पुरा गर्छौ नै उनले भने । अब विकासलाई नयाँ ढंगबाट सोच्नुपर्ने समय आएको छ ।' आफूले जनताको मन र आवश्यकतालाई बुझेको भन्दै जनमतको अपमान नगर्ने बताए ।

रुपाको घरदैलो र कोणसभामा नेपाली काँग्रेसका सहमहामन्त्री जीवन परियार, नेताहरु यज्ञ बहादुर थापा, कृष्ण केसी लगायत सहभागी थिए ।

उम्मेद्बार बराल र कास्की क्षेत्र १ ख प्रदेश सभा सदस्य सोमबार वडा १३ मा विभिन्न टोल टोलमा हुने घरदैलो र कोणसभामा सहभागी हुने छन् ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पर्यटकीय महत्व राख्ने ल्वाङको सडक स्तरोन्नती गर्छौं: उमेदवार बराल

पोखरापत्र संवाददाता

पोखरा, २० कार्तिक

पाँच दलीय गठबन्धनका साझा उमेदवार कास्की निर्वाचन क्षेत्र नम्बर ३ प्रतिनिधि सभाका प्रत्यासी रामजी प्रसाद बराल जीवनले पर्यटकीय महत्व राख्ने ल्वाङको सडक स्तरोन्नती गर्ने बताएका छन् ।

कास्कीको माछापुच्छ्रे गाँउपालिका विभिन्न पर्यटकीय गाँउहरुको घर दैलो कार्यक्रममा आइतबार पुगेका उमेदवार बरालले पर्यटकीय महत्व रहेको ल्वाङमा पिच सडक निर्माणमा आफ्नो तर्फबाट बिषेश पहल गरी सडक स्तरोन्नती गर्ने बताएका हुन् । गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री समेत रहेका उमेदवार बरालले भने "यसै चालु आर्थिक बर्षमा ल्वाङ सडक स्तरोन्नतीको लागि एक करोड बजेट विनियोजन



भएको छ, उक्त सडक पिच गर्न आवश्यक पर्ने रकमको व्यबस्था संघ र प्रदेशबाट हामी गर्छौं, यसमा तपाईहरुले हामीलाई मतदान गरी काम गर्ने वातावरण मिलाउनु पर्‍यो । " स्थानियले सडक बाटोसंगै खानेपानी लगायतका समस्या उमेदवार बराल समक्ष माग गरेका थिए । स्थानिय भरत गुरुङले रामजी बरालबाट आफुहरु निकै प्रभावित भएको उल्लेख गर्दै २०७४ सालमा दिएको मतको सहि सदुपयोग भएको बताउदै माछापुच्छ्रेको सडक, पुल, खानेपानी लगायतका विकास निर्माणमा उमेदवार बरालको अग्रणि भूमिका रहेको दाबी गरे ।

गठबन्धनका साझा उमेदवार कास्की निर्वाचन क्षेत्र ३(१) का प्रत्यासी प्रदेश सभा सदस्य दुर्गादत्त भण्डारीले रामजी बरालले थालनी गरेका विकासका अधुरा कार्य सम्पन्न गरी माछापुच्छ्रे बासिको विकासमा कटिवद्ध भएको बताए ।

आइतबार माछापुच्छ्रे गाउँपालिको खोराकोमुख, ल्वाङ, लुम्रे, क्यूवाङ, सैदीघट्ट, इमु, तक्रो सिदिङ लगायतका क्षेत्रमा घर दैलो कार्यक्रममा पूर्व सांसद एवं कागेंस नेतृ शारदा पौडेल, माओबादी केन्द्र, एकिकृत समाजबादी लगायतका नेता तथा कार्यकर्ताको सहभागिता रहेको थियो । प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यका लागि आगामी मंसिर ४ गते निर्वाचन हुदैछ ।



पोखरा महानगरपालिका-२५, हेम्जा बजार र बजारको बीच हुँदै गएको मध्यपहाडी राजमार्ग । तस्बिर : कृष्ण दवाडी/रासस

# खाडीमा होइन, स्वदेशमै जवानी: मीना

पोखरापत्र संवाददाता

पोखरा, २० कार्तिक

व्यवस्था फेरिएपछि दिनहुँ काठमाडौंबाट विदेश उड्नेको लर्को टुटेको छैन, अझ लामो हुँदै छ ।

देशको अर्थव्यवस्थामा रेमिट्यान्सको ठूलो हिस्सा छ । नेपालको समृद्धि देशमै राजगारी र आत्मनिर्भर अर्थतन्त्रको विकास नभएसम्म सम्भव छैन । यही कुरालाई दृष्टिगत गरी कास्की २ का एमाले उम्मेदवारले युवालाई देशमै रोजगारीको अवसर सिर्जना गर्न पहलकदमी लिने प्रतिवद्धता गरेका छन् ।

एमालेबाट कास्की २ (२) की उम्मेदवार मीना गुरुङले नयाँ नेपालको सपना देशमै रोजगारी र दह्रो अर्थतन्त्र निर्माण नभएसम्म सम्भव नहुने बताइन् । आइतबार



पोखरा ८ का मतदातासँग उनले भनिन्, 'हाम्रो पार्टीले खेतबारीमा पानी, खाडीमा हैन, स्वदेशमै जवानी भन्ने नारा साकार गर्ने प्रण गरेको छ । दूरदर्शी नेतृत्व, स्थिर सरकार र जनताको साथले मात्र यो सम्भव छ ।' गण्डकी प्रदेशकी पूर्व सांसदसमेत रहेकी गुरुङले अघिल्लो कार्यकालमा आरम्भ भएका र सरकार परिवर्तनपछि अवरुद्ध योजना पूरा गर्न आफू मैदानमा आएको सुनाइन् । वृद्धवृद्धाको सामाजिक सुरक्षा, युवालाई स्वदेशमै रोजगारी, बालबालिकालाई शिक्षा, स्वास्थ्य जस्ता अधिकारको ग्यारेन्टी एमालेले मात्र गर्न सक्ने उल्लेख गरिन् । पोखरामा धेरै परिवार वैदेशिक रोजगारी र सैनिक सेवामा रहेको उल्लेख गर्दै उनले थपिन्, 'दक्ष भएर देश, विदेशका उत्कृष्ट अवसर खोज्ने कुरालाई रोक्नु हुँदैन तर अदक्ष कामदार खाडी पठाएर देशको समृद्धि कहिल्यै सम्भव छैन । यसलाई बदल्ने हाम्रो अठोट छ ।'

कास्की २ की प्रतिनिधिसभा सदस्य विद्या भट्टराई अधिकारीले मंसिर ४ पछि बन्ने सरकारले उत्पादन स्वदेशी, बजार विदेशी भन्ने नीति सार्थक पार्ने जनाइन् । उनले वैचारिक रुपमा पूर्व पश्चिम फर्केका दलको अवसरका लागि भएको गठबन्धनलाई जनताले अनुमोदन नगर्ने दाबी गरिन् ।

अधिकारीले आफू मालिक होइन, जनताको सेवक भएर काम गर्ने प्रतिवद्धता गरेकी छन् । उनले कास्कीका प्राकृतिक स्रोत, साधनलाई समृद्धिको आधार बनाइने जनाइन् ।

# 'भुगोल बुझेका आफ्नै क्षेत्रका एमाले उम्मेदवार भिम कार्की'

पोखरापत्र संवाददाता

पोखरा, २० कार्तिक

कास्की क्षेत्र नम्वर २ (१)का मतदाताले नेकपा (एमाले)को तर्फबाट सो क्षेत्रमा आसन्न मंसिर ४ गते हुने निर्वाचनमा प्रदेश सभा सदस्य उम्मेदवार भिम बहादुर कार्कीलाई भूगोल बुझेको उम्मेदवार भएको प्रतिक्रिया दिएका छन् ।

आफ्नो क्षेत्रमा रहेका पोखरा महानगरपालिकाका पाँच वटा वडामा मतदाताहरुसँग भेटघाट गर्ने क्रममा उम्मेदवार कार्कीलाई आफ्नै क्षेत्रको धर्तीपुत्रलाई उम्मेदवार बनाएको भन्दै एमालेलाई धन्यवाद दिएका छन् ।

भुगोल बुझेको उम्मेदवारले मात्रै विकासको प्रक्रिया बुझ्ने र भुगोल बाहिरको उम्मेदवार आफुहरूको रोजाइमा नपर्ने मतदाताको भनाई छ । अन्य दलहरूले भुगोल बाहिरबाट निमन्त्रणा गरेर उम्मेदवार पठाएको हुँदा आफूहरू कुनै अलमलमा नपरी सबैलाई कार्कीको विजय



अभियानमा लागि पर्न आग्रह गर्ने पोखरा महानगर वडा न १७ निवासी समीर श्रेष्ठले बताए ।

त्यसैगरी वडा नम्वर ३३ बाघमारा निवासी स्थानिय टंकराज आचार्यले विकासका पक्षधर, सरल इमानदार र निष्ठावान निरन्तर संघर्षले खारिएका आफ्नै क्षेत्रका नेता उम्मेदवार पाँउदा विकासको आशा रहेको भन्दै यसपटकको आफुहरूको छनोट कार्की नै हुने बताए । पोखरा २१ निवासी २२ वर्षीय जीवन लामिछानलेले एमालेको घोषणापत्रले युवा क्षेत्रलाई विशेष चासो दिएर घोषणापत्रमा समेत एमालेले प्राथमिकता दिएको हुँदा सो कार्यान्वयनमा आफ्नै क्षेत्रको उम्मेदवार पहिलो रोजाइमा रहने उल्लेख गरे ।

नेकपा (एमाले) ले कास्कीको सबै निर्वाचन क्षेत्रमा सम्बन्धित क्षेत्रमै मतदाता भएका व्यक्तिहरूलाई उम्मेदवार बनाउदा कास्की क्षेत्र नम्वर २ मा गठबन्धनमा आबद्ध दलहरूले आमन्त्रित व्यक्तिहरू उम्मेदवार बनाउदा आफुहरूले अपमानित महसुस गरेको पोखरा १५ निवासी परशुराम पौडेलको भनाई छ ।

# चितुवा...

"चितुवाले दैनिकजसो बस्तीमै पसेर आक्रमण गर्ने गर्छ । चितुवाले प्रायजसो साँझपख आक्रमण गर्ने गरेको छ ।

केही दिनको फरकमा मात्रै बालबालिकामाथि आक्रमण गर्ने गरेको छ । यस क्षेत्रमा पहिले पनि चितुवाले पटकपटक आक्रमण गरिरहेकाले सबैजना सतर्क भएर बस्नुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो ।

"अभिभावकले पनि आफ्ना बालबालिकालाई एक्लै जथाभावी छाड्नु हुँदैन । कतै जानै पर्ने अवस्थामा सँगै लिएर हिँडने वा घरमै सुरक्षित भएर बस्न आग्रह गरेका छौं", उहाँले भन्नुभयो । चितुवाले धेरैजसो साना बालबालिकालाई निसाना बनाउँदै आएको छ । विसं २०७४ फागुन १ गतेदेखि विसं २०७६ कात्तिक ११ गतेसम्म भानु नगरपालिकामा चितुवाले त्रसित बनाएको थियो । त्यसपछि शुक्लागण्डकी नगरपालिका, आँबुखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिका, भानु नगरपालिका र हाल व्यास नगरपालिकामा चितुवाले बालबालिकामाथि आक्रमण गर्न थालेको हो । चितुवा नियन्त्रणका लागि अहिले भानु नगरपालिका र बन्दीपुरका जङ्गलमा काठ र फलामको खोर राखिएको छ ।

मानव बस्ती नजिक खेतीपाती नगर्दा झाडी हुने भएकाले घर नजिकै चितुवा बस्ने र आफ्नो उचाइभन्दा कम भएका बालबालिकालाई आक्रमण गर्ने गरेको छ । आक्रमणको मुख्य न्यूनीकरण भनेको नै सरसफाई, वनजङ्गलमा जाँदा महिलाले रातो कपडा नलगाउने, साना बालबालिकालाई एक्लै नछोड्ने जस्ता सचेतनाका कार्यक्रममार्फत न्यूनीकरणको काम गरिएको छ । विशेषगरी साँझ र बिहानपख चितुवाले आक्रमण गर्न सक्ने भएकाले यस समयमा सर्वसाधारण सचेत हुनुपर्छ ।

जङ्गलमा आहारा नपाउँदा चितुवाले आहारा खोजीमा बस्तीतर्फ पसेर बालबालिकालाई आक्रमण गर्ने गरेको सहायक वन अधिकृत पण्डितले बताउनुभयो । "मृग, वन कुखुरा, खरायोलगायत वन्यजन्तुको मानिसले शिकार गरिँदिदा वनमा आराहाको अभाव भई चितुवाले मानिसलाई आक्रमण गर्न थालेको हो," उहाँले भन्नुभयो ।

# निर्वाचनपछि पनि गठबन्धन सरकार : वरिष्ठ नेता पौडेल

पोखरापत्र संवाददाता

दमौली, २० कार्तिक

नेपाली कांग्रेसका वरिष्ठ नेता एवं तनहुँ क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य रामचन्द्र पौडेलले निर्वाचनपछि पनि गठबन्धनको सरकार बन्ने बताउनुभएको छ ।

तनहुँको बन्दीपुर गाउँपालिका-३ रामकोटमा आज आयोजित चुनावी कार्यक्रमलाई सम्बोधन गर्दै पौडेलले मङ्सिर ४ गतेपछि पनि अहिलेकै गठबन्धनले निरन्तरता पाउने बताउनुभयो । 'चुनावपछि पनि मिलेर गठबन्धनको सरकार बनाउँछौ, गठबन्धनले मिलेर देश विकास गर्छ', पौडेलले भन्नुभयो, 'संविधानको रक्षाका साथै विकास निर्माणमा गठबन्धन प्रतिबद्ध छ ।' संविधानले प्रत्याभूत गरेको अधिकार रक्षाका लागि गठबन्धन बनेको बताउँदै पौडेलले गाउँगाउँमा जनताले पाएको अधिकार रक्षा गरिने दाबी गर्नुभयो । देशमा लगानी भित्र्याएर उद्योग कलकारखाना स्थापना गर्ने र युवालाई स्वदेशमै रोजगारी प्रदान गरिने पौडेलको भनाइ थियो । 'उद्योगधन्दा खोलेर युवालाई विदेश जान नपर्ने बनाउँछौं', पौडेलले भन्नुभयो ।

वाम-लोकतान्त्रिक गठबन्धनका तर्फबाट तनहुँ १ प्रदेश २ का उम्मेदवार हरिबहादुर चुमानले यस क्षेत्रका जनताका समस्याबारे आफूहरु जानकार रहेको भन्दै समस्या समाधानमा क्रियाशील हुने बताउनुभयो ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# अभिव्यक्ति स्वतन्त्रताको पक्षमा

सत्ता गठबन्धन र प्रतिपक्षी दलका शिर्ष नेतालाई निर्वाचनमा पराजित गर्न सामाजिक संजालबाट अभियान थालिएको छ । राजनीतिक दलमा लामो समयदेखि नेतृत्व गर्दै आएका ठूला दलका शिर्ष नेताले पद छोड्न नचाहेपछि पुर्व प्रधानमन्त्री, दलका अध्यक्ष र अध्यक्षको निकट नेताहरूलाई हराउन अपिल गरिएको छ । उनीहरूले गरेको कामको गुण दोष नहेरी एकोहोरो विरोध हुन थालेको। सामाजिक संजालमा थालिएको अभियान चरित्र हत्या गर्ने तहमा भरेको नेताहरूको गुनासो छ । नेताहरूको गुनासो पछि निर्वाचन आयोगले आचारसंहिता विपरीत ठानेर कार्वाही तहमा पुगेको छ । निर्वाचन आयोगले कार्यक्षेत्र भुल्न खोज्दा नागरिक तहमा ठूला दलका शिर्ष नेता तारोमा परेका छन । नेताहरूलाई राहत मिल्ने गरि आयोगले गरेको व्यवहारबाट रुष्ट सर्वोच्च गुहार माग्न पुगेका छन। सर्वोच्च अदालतले 'नो नट अगेन' अभियानको पक्षमा अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ।

सर्वोच्च अदालतका न्यायाधीश हरिप्रसाद फुयालको एकल इजलासले वृद्ध नेताहरुविरुद्ध चलिरहेको 'नो नट अगेन' अभियानलाई अवरोध नगर्न सरकारको नाममा अल्पकालीन आदेश जारी गरेको छ । अधिवक्ता अनिल आचार्यसहितले दायर गरेको रिटमाथि सुनुवाइका क्रममा अल्पकालीन अन्तरिम आदेश जारी गरेको रिटमा सर्वोच्च उत्प्रेष आदेश जारी गर्ने नगर्ने कुराको टुंगोका लागि सरकारसँग १५ दिनभित्र जवाफ माग गरेको छ।

'यसमा निवेदकले अन्तरिम आदेशसमेत माग गरेको सम्बन्धमा विचार गर्दा, सो सम्बन्धमा अन्तरिम आदेश जारी गर्ने वा नगर्ने सम्बन्धमा छलफल गर्ने प्रयोजनका लागि मिति २०७९।७।२४ गते दुवै पक्षलाई सूचना दिई नियमानुसार पेश गर्नें', सर्वोच्चले भनेको छ । आयोगले गत कात्तिक ८ गते निर्वाचन आयोगबाट जारी भएको प्रेस विज्ञप्तिमा उल्लिखित फेसबुक ग्रुपहरुलाई विद्युतिय इलेक्टोनिक कारोवार ऐन, २०६३ को दफा ४७, निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २३(१) बमोजिमको कुनै कारवाही नगर्न पनि भनेको छ।

यसलाई लिएर सर्वोच्चले अदालतको नियमावलीको नियम ४९ (२) (ख) बमोजिम अल्पकालीन आदेश जारी गरेको छ। सर्वोच्चले अभिव्यक्ति स्वतन्त्रताको पक्षमा उभ्याएको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले चरित्र हत्या हुनेगरी निर्वाचनको प्रचार नगर्न उम्मेदवारहरुलाई सचेत गराएको जिकिर गरेका छन । 'नो नट अगेन' भने पनि हुने तर गालीगलौजको भाषामा अर्को उम्मेदवारको चरित्र हत्या गर्ने काम नगर्न सबै उम्मेदवारहरुलाई पुनः सचेत गराएका छन।

निर्वाचनलाई द्वेषपूर्ण, घृणास्पद अभिव्यक्ति दिएर दुषित नपार्न भन्दै आयोगले स्पष्टिकरण सोधेको छ। निर्वाचनमा गालीगलौजको भाषा प्रयोग नगर्न उम्मेदवारलाई सुझाव दिन गरेको आग्रह अभिव्यक्ति स्वतन्त्रता विरुद्धको रुपमा चित्रण गर्ने काम भएको छ। 'तपाईं नो नट अगेन भन्नुस् अथवा नो नेभर अगेन भन्नुस् । तपाईं इलेक्ट अगेन भन्नुस् अथवा इलेक्ट अगेन एण्ड अगेन भन्नुस। अहिले त आईराखेको छ- इलेक्ट वान्स अगेन भन्न पाईन्छ भन्ने कुरा पनि आएको छ। सबैथोक भन्नुस। तर भन्दा सभ्य भाषा भनिदिनुस । कसैको चरित्र हत्या नगर्नुस् । प्रमुख आयुक्तको स्पष्टिकरण आयोग मतदाताको भावना बुझ्न सक्छ भन्ने हो ।

# घोषणा पत्रका कुरा पुरा गर्छु लेमिनेशन गरेर राख्नुस् : भण्डारी

पोखरापत्र संवाददाता
पोखरा, २० कार्तिक

कास्की क्षेत्र नं. २ (१) प्रदेशसभा सदस्य उम्मेदवार विजय बहादुर भण्डारीले घोषणापत्रमा लेखिएका हरेक कुरा पुरा गर्ने बाचा गरेका छन्।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट उम्मेदवार बनेका उनले पोखरा महानगरपालिका वडा नं. ७ घारीपाटनमा मतदाता भेटघाट कार्यक्रममा बोल्दै उनले आफुले प्रदान गरेको घोषणापत्र लेमिनेसन गरेर राख्न मतदातालाई आग्रह गरेका हुन् । मुलुकको सार्वभौमिकता, स्वाधिनता, राष्ट्रिय अखण्डता, समृद्धि, प्रजातन्त्र र सुशासन जस्ता मुल आधारभुत नारा बोकी आफ्नो चुनावी अभियान तिव्र रुपमा अगाडी बढाएका उनले आफु जनताकै लागि उम्मेदवार बनेको सुनाए।

उनले पर्यटन प्रवर्द्धन भाषा,भेषभुषा, कला, सनातन धर्म संस्कृति र रितिरिवाजको जर्गेना गर्न र यसको पहिचान जोगाइ राख्न राप्रपालाई अत्याधिक मत दिएर विजयी गराउन आग्रह गरे।

वडाबासिहरुले ठूला राजनिति पार्टीहरुले देश र जनताको हितका लागि काम नगरेका कारण राप्रपा बाहेक कुनै पार्टीको विकल्प नभएको सुनाए । उनीहरुले भण्डारीलाई भव्य सम्मान र स्वागत गर्दै अग्रिम शुभकामना समेत दिएका छन् । भण्डारीलाई मतदाताहरुले फुलमाला,टिका लगाएर युवा जनशक्ति नै देश विकासको एकमात्र शक्ति भएको भन्दै अब बुढा नेता र बुढो पार्टीलाई सदाको लागि राजनितिबाट विदा गर्नुपर्ने बताए। चुनावी घरदैलो अभियानमा भण्डारीले ठूला राजनिति पार्टीहरुले गणतन्त्र आएपछि धेरै देशघाती संझौताहरु गरी नेपाल र नेपालीहरुको भविष्यमाथी कुठाराघात हुने काम गरी देशलाई बिश्वसामु कमजोर बनाई देशको पहिचान मेटाउन लागेको आरोप लगाए । 'दिन प्रतिदिन देशको आर्थीक अवस्था कमजोर बन्दै गएको देखेर देश र नेपालीको पहिचान बचाउन मेरो उमेरद्धारी हो । चुनावी घोषणापत्रमा भनेका र लेखेका कुरालाई पुरा गर्छु' उनले भने, 'यसमा कुनै शंका नगरी मेरो घोषणा पत्रलाई नच्यौति लेमिनेशन गरी सुरक्षित गरेर राख्नुहोस् ताकी भोली म विजयी भएर आएपछि काम गरेन भने देखाउनुहोस् ।' आफुले जितेमा प्रदेशका पर्यटन क्षेत्रको पहिचान गरी स्वदेशी तथा विदेशी लगानीकर्तालाई लगानीमैत्री वातावरण सिर्जना गर्ने र स्वरोजगार बढाई देशको आर्थीक क्षेत्रमा उल्लेखनिय बृद्धि गर्दै लैजाने बाचा समेत गरे । गण्डकी प्रदेश भित्रका बिपन्न वर्गलाई लक्षित गरी रासन कार्डको व्यवस्था समेत गर्ने प्रतिबद्धता व्यक्त गरे।

# रुपामा दीपक कोइरालालाई 'वान्स अगेन'

पोखरापत्र संवाददाता
पोखरा, २० कार्तिक

कास्की निर्वाचन क्षेत्र नम्बर १ को १ अन्तर्गत रुपा गाउँपालिका-५ देउरालीमा आइतबार पाँच दलीय गठबन्धनको चुनावी सभा थियो । गठबन्धनका तर्फबाट उम्मेदवार दीपक कोइरालाको बोल्ने पालो आयो। उनी मञ्चमा भुल्किने बित्तिकै दर्शकबाट कसैले नारा लगायो, 'दीपक कोइराला, वान्स अगेन।'

चुनाव सभामा चर्को स्वरमा कोइरालाको पक्षमा नाराबाजी गर्ने स्थानीय अप्सरा श्रेष्ठ थिइन्। पाँच वर्षमा रुपामा कोइरालाले गरेका विकास निर्माणका काम देखेर पुनः जिताउनुपर्छ भन्ने आशयले आफूले 'वान्स अगेन' को नारा लगाएको उनले बताइन्। 'अब ३० औं वर्षदेखि चुनाव लड्नेलाई नो नट अगेन भन्ने हो,' उनले भनिन्, 'दीपक कोइरालाजस्तो युवा नेतालाई वान्स अगेन नै भन्नुपर्छ।' रुपामा कोइराला सांसद हुँदा थुप्रै विकास निर्माणका योजना सुरु भएकाले तिनलाई पूरा गर्न फेरि उनले जित्नुपर्ने श्रेष्ठको तर्क छ।

देउरालीकै स्थानीय निसान श्रेष्ठले अहिलेको समयले युवा कै माग गरिरहेकोले आफ् नो भोट दीपक कोइरालालाई नै जाने बताए । 'यहाँबाट वर्षौं जनप्रतिनिधि भएकाबाट परिवर्तनको महसुस त्यति भएको थिएन, जुन यो पाँच वर्षमा भयो,' उनले भने, 'म मात्रै होइन, घर परिवार, इस्टमित्र, साथीसंगी सबैलाई दीपक कोइरालालाई भोट हाल्न लगाउने हो ।' रुपा रिडर ोडको परिकल्पनाकार कोइराला नै रहेको र १० किलोमिटर कालोपत्रे भइसकेको अवस्थामा बाँकी बाटो कालोपत्रे गर्न पनि उनी नै निर्वाचित हुन आवश्यक रहेको श्रेष्ठको तर्क छ।

चुनावी सभामा बोल्दै उम्मेदवार कोइरालाले विकास निर्माणका आफ्ना योजनालाई पूरा गर्न न्युनत १० वर्षको समय आवश्यक ठानेर पुनः जनताको बीचमा आएको बताए । 'यो पाँच वर्षको अनुभवले अब अर्को पाँच वर्ष द्रुत गतिमा काम गर्ने जोशजाँगर मसँग छ,' उनले भने, 'अर्को पाँच वर्ष राम्रो काम गरिन भने नो नट अगेन भन्नुहोला।' प्रदेशसभामा निर्वाचित भएर काम गर्न नसके अर्कोपल्टदेखि आफैले 'नो नट अगेन' भन्ने उनको भनाइ थियो । 'मैले प्रतिबद्धता जाहेर गरेका अधिकांश काम यो पाँच वर्षमा भयो,' उनले भने, 'पहिला पनि जनताकै साथमा थिए, अब फेरि जनताकै बीचमा आएको छु।'

पाँच दलीय गठबन्धनबाट कास्की १ मा प्रतिनिधिसभा उम्मेदवार काग्रेसका किशोरदत्त बराल, समानुपातिक उम्मेदवार माओवादी केन्द्रकी जुबेदा खातुन, काग्रेसका सहमहामन्त्री जीवन परियार, काग्रेस नेता यज्ञबहादुर थापा, कृष्ण केसीले राजनीतिक स्थिरता र समृद्धिको लागि गठबन्धनका उम्मेदवारलाई जिताउनुपर्नेमा जोड थिए । गठबन्धनका उम्मेदवार एवं नेताले आइतबार रुपा-५ को देउराली, वडा नम्बर ६ का बरथोक, मियागाउँ, भीरचोक, फालभञ्ज्याङ, मोहोरिया, चिसापानी, माझकोट लगायत स्थानमा घरदैलो गरे।



# दसैं तिहारमा मात्रै एक करोडको तेह्रथुमे ढाका कपडा बिक्री

रासस
काठमाडौं, २० कार्तिक

दसैं र तिहारको अवसरमा तेह्रथुमका ढाका उद्यमीले रु एक करोडभन्दा बढीका ढाकाका सामग्री बिक्री गरेका छन्। गत वर्ष कोरोनाले ठप्प रहेको ढाकाको व्यापार यस वर्ष बढेको छ । विगतका वर्षमा कोरोना कहरले ढाका कपडाको व्यापारमा निकै नै कमी आएको थियो।

यस वर्ष उत्साहजनक बिक्री भएको न्यू तेह्रथुम धागो तथा ढाका पसलकी सञ्चालक शोभा दाहालले बताउनुभयो । कोरोनाले विगतका वर्षमा व्यापार ठप्प रहे पनि यस वर्ष कोरोना कम भएकाले र तेह्रथुमलाई ढाकाको राजधानी घोषणा भएसँगै ढाकाको व्यापार सोचेभन्दा बढी भएको दाहालले बताउनुभयो । तिहारमा दिदीबहिनीले दाजुभाइलाई टीका लगाएपछि उपहारस्वरूप ढाकाका सामग्री दिने चलन बढेपछि ढाका कपडाको कारोबार उच्च भएको हो । जिल्लामा सञ्चालन भइरहेका साना-ठूला गरी करिब तीन दर्जन ढाका कपडा उद्योग र व्यापारीले दसैं तिहारको अवसरमा रु एक लाखदेखि १० लाखसम्मको कारोबार गरेका छन्।

मायाको चिनो र व्यक्तिगत प्रयोगमा ग्राहकको ढाकाप्रतिको मोह बढेपछि कपडाको बिक्री बढेकाले यो वर्ष रु पाँच लाखभन्दा बढीको बिक्री गरेको उज्ज्वलता ढाका कपडा उद्योगका सञ्चालक उज्ज्वलता सुब्बाले बताउनुभयो। यस वर्ष धरान, विराटनगर, पोखरा, काठमाडौं र हङकङबाट माग बढी भएकाले ढाकाका कपडाको कारोबार उच्च भएको सुब्बाले बताउनुभयो।

दसैं तिहारमा ढाकाको टोपी र पछ्यौराको बिक्री धेरै भएको छ । एउटा टोपी रु पाँच सयदेखि २५ हजार सम्मा बिक्री भएको छ । यसैगरी एउटा पछ्यौरा रु एक हजारदेखि पाँच हजारसम्मा बिक्री भएको छ। जिल्लाका ढाका उद्योगले टोपी पछ्यौरा, सर्ट, टाई, रुमाल, चौबन्दी, टोपी, ब्लाउज, साडी, तन्ना, पर्दा, फेटा, थैली, झोला, पर्स, गलबन्दी, सलवार, चोलो, जुत्ता, चपल, बेल्टलगायत आकर्षक सामग्री उत्पादन गर्ने गरेका छन्।

# नमुना महिला समूह पोखरा २६मा अंगुरदेबि भुर्तेल

पोखरापत्र संवाददाता
पोखरा, २० कार्तिक

पोखरा २६ मा रहेको नमुना महिला समुहको हालै सम्पन्न नवौ साधारण सभा तथा चौथो अधिबेसनबाट अंगुरदेबि भुर्तेल ढुङ्गाना अध्यक्षमा निर्बिरोध निर्बाचित भएकि छन्।

समुहको उपाध्यक्षमा कृष्ण कुमारि ढुङ्गाना, सचिबमा शोभाकुमारि अधिकारी ढुङ्गाना, सहसचिबमा कल्पना लामिछाने, कोषाध्यक्षमा कृष्ण ढुङ्गाना र सदस्यहरूमा रमा ढुङ्गाना, रूकु ढुङ्गाना, अस्मिता ढुङ्गाना, सरिता ढुङ्गाना, कमला ढुङ्गाना रहेका छन्। कार्यक्रम समुहकि अध्यक्ष निर्मला ढुङ्गानाको अध्यक्ष तामा सम्पन्न कार्यक्रममा जल्धारे टोल बिकास संस्था का अध्यक्ष महेन्द्र ढुङ्गाना, स्थानिय ब्यक्ति लेखनाथ ढुङ्गाना, जल्धारे टोलका सचिब कल्पना लामिछाने, समुहकि उपाध्यक्ष कृष्णकुमारि ढुङ्गाना, लगाएतले कार्यक्रममाथि धारणा राखेका थिए भने कार्यक्रम को सन्चालन समुहकि सचिब शोभाकुमारि अधिकारी ढुङ्गानाले गरेकि थिईन्।



# भेडा मर्न थालेपछि समस्यामा किसान

पोखरापत्र संवाददाता
बेनी, २० कार्तिक

म्यादीको रघुगङ्गा गाउँपालिका-६ ठाडखानी क्षेत्रमा किसानले पालेका भेडा धमाधम मर्न थालेका छन्।

दुई महिनादेखि भेडाले घाँस नखाने, च्याप्नु सुन्निनेलगायतका लक्षण देखिएर मर्न थालेपछि ठूलो क्षति भएको स्थानीय भेडापालक किसान यामबहादुर छन्त्यालले बताउनुभयो। दुई महिनामा किसान छन्त्यालका २४ भेडा मरेका छन्। साना पाठापाठीदेखि ठूला भेडाखसी मरेर क्षति पुगेको छन्त्यालले बताउनुभयो । ठाडखानीमा पूर्णबहादुर छन्त्याललेसमेत १७ भेडा मरेका बताउनुभयो । यहाँका करिब तीन दर्जन बढी घरमा परम्परागत रुपमा भेडापालन हुँदै आएको छ। भेडापालनको पकेट क्षेत्रका रुपमा यहाँ सिद्ध भेडापालन र मालिका भेडापालन दुई समूहमा आबद्ध भएर भेडापालन गरिँदै आएको छ। भेडा मर्न थालेपछि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमार्फत पशु चिकित्सकको टोलीगोठमै पुगेर भेडाबाख्राको स्वास्थ्य जाँच तथा रगतको नमूना सङ्कलन गरेको छ। कार्यालय प्रमुख जीवन आचार्यका अनुसार, भेडामा आन्तरिक र बाह्य परजीविको सङ्क्रमणका कारण भेडा मरेको बताउनुभयो। उहाँले उपचारका लागि आवश्यक औषधि खरिद गर्न गाउँपालिकालाई आग्रह गरिएको बताउनुभयो । "खोरमा भेडापालन भएकाले एउटै ठाउँमा सधैं राखिहने र खोरको उचित व्यवस्थापन नहुँदा किर्ना, जुकालगायतको समस्या बढी हुने गर्छ, किसानलाई खोरको सरसफाइ र भेडाको उचित हेरविचार गर्न समेत सुझाएका छौँ", उहाँले भन्नुभयो।

भेडापालक किसानको सुविधाका लागि गाउँपालिकाले डिपिङ ट्याङ्कीसमेत निर्माण गरेको तर, त्यसको प्रयोग नगरेका कारण भेडामा रोगको सङ्क्रमण देखिएको गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले जानकारी दिनुभयो । उपचारका लागि पशु चिकित्सकले दिएको रिपोर्टअनुसार आवश्यकपर्ने खोपलगायतका औषधि खरिद गर्ने तयारी गरिएको अध्यक्ष भण्डारीले जानकारी दिनुभयो।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मन चञ्चल | धनु | : मानसिक तनाब |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।



## पसल बिक्रीमा

पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसल विशेष कारणवस तुः बिक्रीमा छ ।

सम्पर्कः
९८२७१९९५८६
९८१९५२९०४५


प्रदेश सरकार
पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय, कास्की
गण्डकी प्रदेश, पोखरा

## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०७९/०६/२१

यस कार्यालयबाट मिति २०७३/०८/१० मा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ९ मा संचालन गर्ने गरि साविक पोखरा ०४ कास्की निवासी तुलसी देवी श्रेष्ठको नाउँमा दर्ता भएको प्रा.फ.र.नं. १२२३२/०७३/०७४ को रिजा कस्मेटिकका प्रोपाइटर श्री तुलसी देवी श्रेष्ठको मिति २०७५/११/२८ गते मृत्यु भएको हुँदा निजको नजिकको जिवित हकदार भदा पोखरा ०४ कास्की बस्ने ना. प्र.नं. २६७२५ का सोवित श्रेष्ठले मिति २०७९/०७/२० मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्मामा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौदा लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

घरेलु तथा साना उद्योग कार्यालय, कास्की
गण्डकी प्रदेश, पोखरा

# बैदाममा गठबन्धनका उम्मेदवार जिताउन काँग्रेसको ५११ जनाको चुनाब प्रचार समिति

**पोखरापत्र संवाददाता**
**पोखरा, २० कार्तिक**

नेपाली काग्रेस पोखरा महानगर पालिका वडा नं-६ बैदामले मंसिर ४ गते हुने प्रदेश तथा प्रतिनिधि सभा निर्वाचनलाई लक्ष्य गर्दै वडादेखि टोल तहसम्म प्रचार प्रसारका लागि २० वटा उपसमिति गठन गरेको छ।

पार्टीको प्रचार प्रसार समितिको शनिबार बसेको पहिलो बैठकले आसन्न निर्वाचनमा गठबन्धनका उम्मेदवारलाई विजयी गराउन सो समिति तथा उपसमिति गठन गर्ने निर्णय गरेको हो । बैठकबारे जानकारी गराउन आयोजना गरिएको भेटघाट कार्यक्रममा उपलब्ध गराइएको विवरणमा इकाई सभापति सन्तोष पौडेलको संयोजकत्वमा ५ सय ११ सदस्यीय निर्वाचन परिचालन कमिटी समेत गठन गरिएको छ।



बैठकले गठबन्धनका उम्मेदवारहरुलाई जिताउन वडामा रहेका सम्पूर्ण भातृ तथा सुभेच्छुक संस्थाले पनि आफ्ना सबै तहका संरचनामा प्रचार प्रसार समिति गठन गर्ने निर्णय समेत गरेको सभापति पौडेलले जानकारी दिनुभयो।

त्यसैगरी उपसमितिको संयोजकत्वहरुमा बलराम गिरी निर्वाचन समन्वय एवं परिचालन समिति, तेज नारायण पराजुली अनुशासन समन्वय एवं परिचालन समिति, लक्ष्मण पहारी अनुगमन तथा सुपरिवेक्षक समन्वय एवं परिचालन समिति, तारानाथ पहारी पर्यटन समन्वय एवं परिचालन समिति, गणेश पहारी मिडिया समन्वय एवं परिचालन समिति, मन्धरा ढकाल महिला समन्वय एवं परिचालन समिति, सविना तिमिल्सीना सामाजिक सञ्जाल प्रचार प्रसार समन्वय एवं परिचालन समिति संयोजक रहनुभएको छ।

यसैगरी अनिल पहारी युवा समन्वय एवं परिचालन समिति ,हरिश्चन्द्र पहारी, आर्थिक समन्वय एवं परिचालन समिति, निराजन श्रेष्ठ जनजाति समन्वय एवं परिचालन समिति, बिर बहादुर सुनार दलित समन्वय एवं परिचालन समिति, नेत्रपाणी न्यौपाने जेष्ठ नागरिक समन्वय एवं परिचालन समिति, राम बहादुर लामिछाने खेलकुद तथा खेलाडी समन्वय एवं परिचालन समिति, ई. सन्तोष जि.सी संघ संस्था एव डा.ई.समन्वय एवं परिचालन समितिमा हुनुहुन्छ । बैठकले रेनु थापा मगर महिला पर्यटन समन्वय एवं परिचालन समिति, प्रभा सुवेदी उद्योग वाणिज्य संघ समन्वय एवं परिचालन समिति, विष्णु पहारी नेपाल विद्यार्थी संघ समन्वय एवं परिचालन समिति, महेन्द्र पहारी नेपाल तरुण दल समन्वय एवं परिचालन समिति, प्रकाश न्यौपाने संगठन तथा सचिवालय समन्वय एवं परिचालन समिति, चेत नारायण पाण्डे स्वास्थ्य तथा आकस्मिक सेवा समन्वय एवं परिचालन समिति र रविन्द्र कुँवर घरदैलो तथा कोण सभा समन्वय तथा परिचालन समितिमा रहनुभयो । पार्टीको निर्देशन अन्तरगत निर्वाचन प्रचार प्रसार समिति गठन गरिएको इकाई सचिब प्रकास न्यौपाने जानकारी दिनुभयो ।

# सफल घ्यू 'मीठो स्वाद जिन्दगीको'

**पोखरापत्र संवाददाता**
**पोखरा, २० कार्तिक**




सुजल डेरीले आजको हरेक परिवारलाई घ्यूको मिठास युक्त स्वादिलो परिकार मार्फत जोड्ने उद्देश्यले 'मीठो स्वाद जिन्दगीको' नामक नयाँ उत्पादन सफल घ्यू बजारमा नयाँ प्याकमा ल्याएको छ।

नेपालभरि नै आफ्नो स्वाद र स्वस्थवर्धक गुणको लागि चिनिएको सुजल डेरी प्रा. लि. को उत्कृष्ट उत्पादन सफल घ्यू उपभोक्ताको अनुभव अझै राम्रो गर्नको लागि अब नयाँ प्याकमा आएको छ । घ्यूको गुण र शुद्धतालाई अझै बढी राम्रो बनाउँदै नेपाली परिवारको आजको आवश्यकतासँग जोड्ने उद्देश्यले ल्याइएको यो नयाँ प्याकले सफल घ्यूलाई अझ बढी आकर्षक बनाएको छ। नयाँ प्याकमा घ्यूको गुणस्तर लामो समय कायम गर्दै, स्वादमा ताजापन राख्नका लागि ७-लेयर प्याकेजिंगका साथै उत्पादनलाई थप आकर्षक बनाउनका लागि ३ लेयर लेमिनेसन पनि गरिएको छ । त्यस्तै नयाँ प्याकको ग्लस्सी फिनिस र गोल्डेन प्यार्टर्नले उत्पादनलाई थप प्रिमियम बनाएको छ। कम्पनीले मीठो स्वाद जिन्दगीको मार्फत आजको व्यस्त जीवन शैली बीच घ्यूको मीठो स्वाद, पौष्टिकता र सुगन्धले सम्पूर्ण परिवारलाई एक ठाउँमा ल्याउने विश्वास राखेको छ । सन्तुलित खाना सबैको आवश्यकता भए पनि परिवारका हरेक सदस्यको फरक-फरक चाहनाका कारण घर-घरका गृहिणीहरूका लागि आफ्नो परिवारलाई पोषण पुऱ्याउनु चुनौतीपूर्ण बनेको छ । यस्तो अवस्थामा सफल घ्यूको स्वाद र सुगन्धले सबै जसो परिकारमा स्वाद बढाउने हुनाले परिवारका सम्पूर्ण सदस्यले सन्तुलित र पोषणयुक्त परिकार मार्फत जोडिँदै थप स्वस्थ र स्फूर्त जिन्दगी जिउन सक्नेछन् । सुजल डेरीको उत्कृष्ट उत्पादन सफल घ्यू पोखरा, काठमाडौं लगायत देशभरका सबै मुख्य सहरमा पाइन्छ । गाई तथा भैंसीको शुद्ध मक्खनलाई खारेर बनाईएको सफल घ्यू खाँदा मीठो हुनाका साथै स्वास्थ्यको लागि फाइदा जनक रहेको कारण परिवारको नियमित खानामा यसको प्रयोग राम्रो मानिन्छ। साथै यसको दानेदार, सुगन्धित तथा पूर्ण रूपमा शुद्ध र पौष्टिक विशेषताका कारण विभिन्न चाडपर्व तथा समारोहहरूमा ताजा र मनै लोभ्याउने परिकार बनाउनको लागि यो उत्कृष्ट रहेको छ । घ्यू आफैमा शक्ति दायक भएकोले चिल्लो पदार्थको सर्वोत्तम विकल्प मानिन्छ। मात्र एक ग्राम घ्यूको सेवनले शरीरमा नौ क्यालोरी शक्ति र भिटामिन ए सँगै मानव शरीरलाई अत्यावश्यक फ्याटी एसिड पनि प्रशस्त मात्रामा पाइन्छ।

# सूर्योदयको आनन्द लिन मानुङकोट जाने कि ?

**पोखरापत्र संवाददाता**
**दमौली, २० कार्तिक**

सूर्योदय र कुहिरो हेर्न तनहुँको व्यास नगरपालिका-५ मानुङकोटमा पाँच हजार बढी पर्यटक पुगेका छन् । दमौली बजारलाई कुहिराले ढपक्क ढाकेको र सूर्योदयको दृश्य हेर्न यस वर्षकै सबैभन्दा बढी पर्यटक शनिबार मानुङकोट पुगेका हुन् ।



मानुङकोटमा शुक्रबार रातिदेखि नै पर्यटकको चहलपहल बढेको थियो । शुक्रबार राति नै मानुङकोट पुगेका पर्यटकले होटल तथा टेण्टमा रात बिताएका छन् भने शनिबार बिहानैदेखि पर्यटकको भीड बढेको स्थानीय युवा अनिल अधिकारीले जानकारी दिनुभयो । "यस वर्षको सबैभन्दा बढी भीड आज भएको छ, पाँच हजारभन्दा बढीको उपस्थिति छ", उहाँले भन्नुभयो, "आन्तरिक पर्यटकको आगमनले सवारी व्यवस्थापनमा समस्या भएको थियो ।" व्यास नगरपालिका-२ निवासी कृष्णचन्द्र पाण्डेले मानुङकोटले जिल्लाको पर्यटन प्रबर्द्धनमा टेवा पुऱ्याएको बताउनुभयो । "सूर्यास्त, सूर्योदय र कुहिरोको दृश्यावलोकनका लागि जिल्ला तथा जिल्ला बाहिर आन्तरिक पर्यटक यहाँ आइपुग्छन्, यसले गर्दा यहाँको होटल व्यवसाय पनि फस्टाएको छ", उहाँले भन्नुभयो, "हामीले पनि एकरात मानुङकोटमा बिताएर सूर्योदय हेर्‍यौं ।" केही दिनयता मानुङकोटमा सञ्चालित होटल आन्तरिक पाहुनाले भरिएका छन् । होटल भ्यू मानुङका सञ्चालक चुडामणि दाहालले मानुङकोटमा पर्यटकको आकर्षण बढेको बताउनुभयो ।

चिसो मौसम सुरु भएसँगै कुहिरो र सूर्योदयको दृश्य हेर्न मानुङकोटमा पर्यटक बढेका छन् । चिसो मौसममा कुहिराले दमौली बजारलाई ढपक्क ढाकेको छ । घामको किरण सुरु भएसँगै कुहिरो विस्तारै फाट्छ । अनि दमौली बजार छर्लङ्ग देखिन्छ । साथमै देखिन्छ सुन्दर हिमशृङ्खला । पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास भइरहेको मानुङकोटमा पर्यटकको चहलपहल बढ्न थालेको वडाध्यक्ष विष्णुकुमार श्रेष्ठले बताउनुभयो । मानुङकोटबाट कुहिरो, सूर्योदय र हिमालको मनोरम शृङ्खला देखिने भएकाले पर्यटकको चहलपहल बढेको उहाँको भनाइ छ । मानुङकोटबाट धवलागिरि, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु, लमजुङ हिमालको दृश्यावलोकन गर्न सकिन्छ। जाडो मौसम भएको र मानुङकोटमा बिहानै घाम लाग्ने भएकाले पनि आन्तरिक पर्यटक बिहानै यहाँ पुग्ने गरेका छन् । दमौली बजारलाई कुहिराले ढाक्नुलाई पौराणिक कथासँग पनि जोडिएको छ । परापूर्वकालमा महर्षि वेदव्यासका पिता पराशर ऋषिले सत्यवतीसँग सम्भोग गर्न इच्छा प्रकट गर्दा लोकलाई पत्तो नहोस् भनेर कुहिरो उत्पन्न गराइदिएको धार्मिक किंवदन्ती रहँदै आएको छ । मानुङकोटमा पर्यटक बढेपछि गाउँ छाडेर सहर झरेका पनि पुनः मानुङकोट उक्लिएर व्यवसाय गर्न थालेका छन् । खानेपानीको अभावमा यहाँका स्थानीयवासीले गाउँ छाडेका थिए । बजारको प्रशोधित जार र ट्याङ्करको पानीले मानुङकोटमा अहिले पानीको विकल्प दिइरहेको छ। खानेपानीको अभावमा विसं २०५२ मा मानुङकोट छाड्नुभएकी वसन्ती थापाले अहिले मानुङकोटमै होटल सञ्चालन गर्दै आउनुभएको छ । मानुङकोटमा पर्यटकको चहलपहल बढेकाले दमौली छाडेर पुनः मानुङकोट उक्लिएको उहाँले बताउनुभयो ।

# महिलाहरुलाई एकहप्ते सीपमूलक तालिम

**पोखरापत्र संवाददाता**
**पोखरा, २० कार्तिक**




पोखरा उद्योग वाणिज्य संघ तथा नेवाः मिस पूचः नयाँसडकको आयोजनामा महिलाहरुको लागि एक हप्ते सीपमूलक तालिम आइतबार सकिएको छ।

तालिममा न्यूरोड नेवाः मिसा पूचः मा आवद्ध ३२ जना महिलाहरुको सहभागिता रहेको थियो । एकहप्ते सो तालिममा महिलाहरुलाई मखमल चप्पल र थैली बनाउने तालिम दिइएको थियो । तालिममा सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्दै प्रमुख अतिथि तथा पोखरा उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष गोकर्ण कार्कीले महिला उद्यमशीलताको विकासबाट राष्ट्रिय अर्थतन्त्र सवल हुने धारणा राखे ।

पोखरा उद्योग वाणिज्य संघले स्थापनाकालदेखि नै महिला उद्यमशीलता विकासमा विशेष जोड दिँदै आएको बताउँदै उनले महिलाहरुलाई अग्रपंक्तिमै आएर व्यवसाय गर्न आग्रह गरे ।

'हामीसँग महिलाहरुले संचालनमा ल्याएका व्यवसाय सफल भएका कयौं उदाहरणहरु छन्',उनले भने,'तर, व्यवसाय गर्नु अगाडि महिलाहरुले दक्षता अभिवृद्धिमा भने ध्यान दिनुपर्छ।

'पोखरा उद्योग वाणिज्य संघकी कार्यसमिति सदस्य बन्दना कार्की केसीले हामी केही गर्न सक्छौं भन्ने आत्मविश्वास जगाउन तालिम र गोष्ठीहरु सहायक हुने धारणा राखिन् । नेवा ः मिसा पूचः न्यूरोड तथा कार्यक्रमकी अध्यक्ष विमला श्रेष्ठले अहिले आधारभूत तहको तालिम दिइएको र आउँदा दिनमा अझ विशिष्ठ प्रकारको तालिमको आयोजना गर्ने प्रतिवद्धता व्यक्त गरिन् । पोखरा उद्योग वाणिज्य संघले आउँदो मंसिर १६ देखि २६ गतेसम्म आयोजना गर्ने राष्ट्रिय औद्योगिक व्यापार मेलामा सक्रिय सहभागिता जनाउने प्रतिवद्धता पनि उनको रहेको थियो ।

कार्यक्रममा प्रशिक्षार्थीहरुको तर्फबाट जुना श्रेष्ठ,प्रशिक्षकको तर्फबाट जमर कँडेल,नेवाःपूचःन्यूरोडका अध्यक्ष श्यामलाल श्रेष्ठ,नेवाःमिसा पूचः कास्की अध्यक्ष मेनुका श्रेष्ठ,नेवाः मिसा दुबुका केन्द्रीय सदस्य शान्ति उदासलगायतले मन्तव्य व्यक्त गरेका कार्यक्रम संचालक तथा सचिव प्रिति प्रधान श्रेष्ठले जानकारी दिइन् ।

# कार्यस्थललाई स्वर्ग बनाऊँ : अध्यक्ष कोइराला

**पोखरापत्र संवाददाता**
**पोखरा, २० कार्तिक**

नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशको आयोजना तथा अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को सहयोगमा आइतबार पोखरामा 'कामको संसारमा हुने हिंसा र दुर्व्यवहार'बारे अन्तर्क्रिया सम्पन्न भएको छ।



अन्तर्क्रियामा गण्डकी क्षेत्रमा रोजगारदाता उद्योग/प्रतिष्ठानहरुका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो। कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ विज्ञ हंसराम पाण्डेले नेपालको संविधानले नै हिंसा र दुर्व्यवहारलाई बर्जित गरेको दृष्टान्त पेश गर्दै त्यस्त कार्यहरु दण्डनीय हुने बताए । कार्यक्षेत्रमा यो वा त्यो बहानामा दुर्व्यवहार गर्न नपाइने र गरेका दण्डको भागिदार बन्नुपर्ने भन्दै उनले सचेत रहन सहभागीहरुलाई आग्रह पनि गरे। 'काम गर्ने प्रतिकूल वातावरण सिर्जना गर्ने वा यौन हिंसा गर्ने प्रवृत्तिलाई कानूनले दण्डनीय मानेको छ',उनले भने,' कार्यक्षेत्रमा मजदुरमाथि यस्ता व्यवहार गर्नेहरुलाई सामाजिक बहिष्करणमात्रै गरिँदैन, सो उद्योग वा प्रतिष्ठान नै डुब्ने अवस्था सिर्जना हुन्छ ।' कार्यक्रम तथा नेपाल उद्योग वाणिज्य महासंघ गण्डकीका अध्यक्ष संजिवबहादुर कोइरालाले कार्यक्षेत्रमा हिंसा न्यूनीकरण हैन कि बर्जित नै रहेकोमा जोड दिँदै प्रतिष्ठानका मुख्य व्यक्तिहरु यस मामिलामा बढी सचेत हुनुपर्ने बताए । ' कानून सधैं माथि हुन्छ, त्यसभन्दा पनि मुख्य कुरा नैतिकता र जिम्मेवारी हुन्छ',उनले भने,' व्यावसायिक प्रतिष्ठानहरुलाई मन्दिर बनाउनुपर्छ, नर्क हैन ।' नेपाल उद्योग वाणिज्य महासंघ गण्डकीका उपाध्यक्ष मोती पौडेलका अनुसार सोही उपक्रममा आयोजित मजदुरहरुको सामाजिक सुरक्षबारेको कार्यशाला गोष्ठीमा विद्यमान सामाजिक सुरक्षासम्बन्धी व्यवस्था तथा आउँदा दिनमा गर्नुपर्ने कामहरुबारे चर्चा गरिएको थियो ।

पछिल्लो समय कार्यान्वयनमा आएको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई कसरी प्रभावकारी बनाउने भन्ने सन्दर्भमा सो गोष्ठी आयोजना गरिएको उनले बताए ।

# डेङ्गु सङ्क्रमण

**रासस**
**काठमाडौं, २० कार्तिक**

पछिल्लो एक सातामा तीन सय जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ । स्वास्थ्य सेवा विभागअन्तर्गतको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका अनुसार शुक्रबारसम्म तीन सय नयाँ सङ्क्रमित थपिएको हो ।

योसँगै देशभर डेङ्गु सङ्क्रमितको सङ्ख्या ४७ हजार ६८ पुगेको छ । कात्तिक महिनाको सुरुमै सङ्क्रमितको सङ्ख्या घटे पनि डेङ्गुको उच्च जोखिम मङ्सिरको अन्तिमसम्म रहने महाशाखाले बताएको छ ।

कोभिड-१९ को आइतबार २८ जनामा सङ्क्रमित थपिएको छ । देशभर गरिएको एक हजार आठ सय ७९ नमूना परीक्षणमा २८ जना सङ्क्रमित भेटिएका हुन । निको हुने बिरामीको सङ्ख्या १८ जना रहेको छ ।

# तनहुँमा साहसिक खेल जीपलाइनमा आन्तरिक पर्यटकको आकर्षण बढ्दै

**पोखरापत्र संवाददाता**
**दमौली, २० कार्तिक**

जिल्लाको व्यास नगरपालिका-१० स्थित पीजनहिलदेखि व्यास-५ चिन्तुटारसम्म करिब पाँच सय मिटर लामो जीपलाइन निर्माण गरिएको छ । मादी नदीमाथि जीपलाइन निर्माण गरी सञ्चालनमा ल्याएसँगै साहसिक जीपलाइनमा रम्ने आन्तरिक पर्यटकको दैनिक भीड लाग्न थालेको छ।

बिदाका दिन होस् या अन्य दिन जीपलाइनको मज्जा लिन विभिन्न जिल्लाबाट आन्तरिक पर्यटक आउने गरेका छन् । प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्याल पनि परिवारसहित उक्त स्थानमा पुग्नुभयो । आफूलाई यस्ता साहसिक खेलप्रति रुचि भएकोले बिदाको समय मिलाएर खेलको मनोरञ्जन लिन आएको उहाँले बताउनुभयो । यसअघि प्याराग्लाइडिङ गरिसकेको बताउँदै प्रजिअ अर्यालले सहजै खेलमा भाग लिई मनोरञ्जन लिएपछि भन्नुभयो,"सुरक्षित तरिकाले बनाइएकोले खासै डराउनुपर्दैन् । यस्ता खेलले जिल्लाको पर्यटन प्रबर्द्धनमा थप टेवा पुग्छ।" त्यसैगरी गोरखादेखि आउनुभएकी सुविना भण्डारीले जीपलाइनको यात्रा मनोरञ्जन हुने भएकोले दोस्रो पटक खेलमा सहभागी हुन आएको बताउनुभयो । पहिलो पटक चितवनमा रहेको जीपलाइनमा सहभागी भए पनि त्यहाँको भन्दा यहाँको लामो भएकोले थप अनुभव लिन आएको उहाँले बताउनुभयो । यही कात्तिक ३ गतेदेखि जीपलाइन सञ्चालनमा ल्याइएको सञ्चालक विवेक सापकोटाको भनाइ थियो । भारतको दिल्लीस्थित द एड्भेन्चर प्लान्टले रु एक करोड दश लाखको लागतमा ठेक्का सम्झौता गरी उक्त जीपलाइन निर्माण गरेको हो । उहाँले भन्नुभयो,"करिब पाँच महिनाको अवधिमा सबै जडान कार्य सम्पन्न भएपछि जीपलाइन सञ्चालनमा ल्याइएको हो ।" जीपलाइन सञ्चालन भएदेखि हालसम्म दुईसय पचास जना साहसिक खेलमा सहभागी भइसकेको सञ्चालक साप्कोटाले बताउनुभयो । जीपलाइनमा रु एक हजार पाँच सय शुल्कमा खाजासेट र अन्य रमणीय दृश्यवलोकनसमेत हेर्न पाइने गरी व्यवस्था मिलाइएको छ । एक पटकमा एकै पटक दुई जनासम्मले खेलमा सहभागी हुन सक्ने छन् । सुरु स्टेशनबाट मादी नदीका साथै रमणीय डाँडा, फाँटको मनोरञ्जन लिँदै ल्याण्ड स्टेशन करिब ४५ सेकेण्डमा पार गर्न सकिन्छ । ल्याण्ड स्टेशनबाट पैदलमा करिब पाँच/सात मिनेटमा पुनः वारिको स्टेशनमा आउन सकिन्छ।